प्रमाणित :-२०८१ कार्तिक २९

# प्रतापपुर गाउँपालिकाको युवा समूह सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

प्रतापपुर गाउँपालिकाले युवाको नेतृत्व विकास, सामाजिक सशक्तिकरण, र सामुदायिक विकासमा सहभागीता सुनिश्चित गर्न तथा उनीहरूको सिर्जनात्मकता, जोश, र क्षमतालाई सही दिशामा प्रयोग गर्न "युवा समूह सञ्चालन कार्यविधि, २०८१" तयार गरेको छ। यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४, र अन्य प्रचलित कानुनहरूको मर्म अनुसार तयार गरिएको छ। यसले युवालाई सामुदायिक सेवामा प्रभावकारी सहभागीता जनाउन र आफ्नो क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन प्रेरित गर्ने उद्देश्य राखेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क)यो कार्यविधिको नाम "प्रतापपुर गाउँपालिकाको युवा समूह सञ्चालन कार्यविधि, २०८१" रहनेछ।

(ख)कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि यो कार्यविधि लागू हुनेछ

**२. परिभाषाः**

यस कार्यविधिमा प्रयोग भएका शब्दहरूको अर्थ यसप्रकार हुनेछः

(१) "अध्यक्ष" भन्नाले प्रतापपुर गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।
(२) "वडाध्यक्ष" भन्नाले प्रतापपुर गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ।
(३) "युवा" भन्नाले १८ देखि ४५ वर्ष उमेर समूहका व्यक्तिहरूलाई जनाउँछ।
(४) "गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिकालाई जनाउँछ।
(५) "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ।

**३. उद्देश्यः**

युवा समूह सञ्चालनको मुख्य उद्देश्य निम्नानुसार रहनेछः

(१)युवाहरूलाई सामुदायिक विकासमा नेतृत्वदायी भूमिका खेल्न प्रोत्साहन गर्ने।
(२)युवाको सशक्तिकरण गर्दै उनीहरूको अधिकार, कर्तव्य, र जिम्मेवारीमा सचेत बनाउने।
(३)युवाको सीप विकास, रोजगारमूलक कार्यक्रम, र नेतृत्व क्षमतामा वृद्धि गर्ने।

उमेश चन्द्र यादव
अध्यक्ष

(४)समाजमा रहेका विकृति, अन्धविश्वास, कुरीति, र लैंगिक विभेदको अन्त्य गर्न पहल गर्ने।

(५)युवाको सिर्जनात्मकताबाट क्षेत्रीय तथा राष्ट्रिय विकासमा योगदान दिने।

(६)दिगो विकास लक्ष्यहरू हासिल गर्न युवाहरूको सहभागिता सुनिश्चित गर्ने।

**४. टोलस्तरीय युवा समूह गठनः**

(क) गाउँपालिकाको प्रत्येक टोलमा कम्तिमा सात र अधिकतम एघार सदस्य सम्मको युवा समूह गठन गरिनेछ।

(ख) समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष, र सदस्यहरू युवा समूहका सदस्यहरूमध्येबाट चयन गरिनेछन्।

(ग)समूहका पदाधिकारीहरूको कार्यकाल तिन(३) वर्षको हुनेछ।

(घ) समूह गठनको निर्णय टोल भेलाबाट बहुमतको आधारमा गरिनेछ।

(ङ)समूहले युवाको आवश्यकता अनुसार विभिन्न गतिविधिहरूको कार्य योजना तयार गरी कार्यान्वयन गर्नेछ।

---

**५. वडास्तरीय युवा समिति गठनः**

(क) प्रत्येक टोल स्तरीय समूहका अध्यक्षहरू सम्मिलित वडास्तरीय युवा समिति गठन हुनेछ।

(ख) वडा स्तरीय समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष, र अन्य सदस्यहरू रहनेछन्। कार्यसमितिको गठन प्रत्येक टोलस्तरीय समुहका अध्यक्षहरुको भेलाले गर्नेछ।

(ग) वडाका सचिव समितिको संरक्षकको रूपमा रहनेछन्।

(घ) वडास्तरीय समिति टोलस्तरीय समूहहरूबीच समन्वय गर्न र कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नेछ।

(ङ)वडास्तरीय समितिले वडाको सामाजिक, आर्थिक, र शैक्षिक सुधारका लागि कार्य योजना प्रस्ताव गर्नेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

## ६. गाउँस्तरीय युवा समिति गठनः

(क) वडास्तरीय समूहका युवा प्रतिनिधि, र विभिन्न क्षेत्रका सक्रिय युवाहरू सम्मिलित १७ सदस्यीय गाउँस्तरीय युवा समिति गठन हुनेछ।

(ख) गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति संयोजकको भूमिकामा रहनेछन्।

(ग) गाउँस्तरीय विकास योजनाहरूको अनुगमन, मूल्याङ्कन, र कार्यान्वयनमा सक्रिय भूमिका खेल्नेछ।

(घ) गाउँस्तरीय समिति गाउँपालिका र अन्य सम्बन्धित निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्नेछ।

## ७. युवा समूहका कर्तव्यः

(क) युवाको सीप, शिक्षा, र नेतृत्व क्षमताको विकासका लागि तालिम, गोष्ठी, र कार्यशालाहरू आयोजना गर्ने।

(ख) समाजमा रहेका विकृति, अन्धविश्वास, बालविवाह, र लैंगिक विभेद विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(ग) स्थानीय विकास योजनाहरूको तर्जुमा, अनुगमन, र कार्यान्वयनमा सहयोग पुर्याउने।

(घ) वातावरण संरक्षण, वृक्षरोपण, र दिगो विकासका लागि अभियान सञ्चालन गर्ने।

(ङ) पर्यटन प्रवर्द्धनका लागि सांस्कृतिक कार्यक्रम र प्रचार-प्रसार गर्ने।

(च) युवाको रोजगार प्रवर्द्धनका लागि व्यवसायिक तालिम र सहुलियत कार्यक्रम सञ्चालन गर्ने।

## ८. दर्ता प्रक्रियाः

(क) प्रत्येक टोलस्तरीय समूह गाउँपालिकाकोशिक्षा, खेलकुद तथा युवा शाखामा दर्ता हुनुपर्नेछ।

(ख) दर्ताका लागि आवश्यक कागजातहरूः भेलाको निर्णय, वडाको सिफारिस पत्र, र युवा समूहको विवरण सूची।

(ग) दर्ता प्रमाणपत्र प्रदान गर्ने प्रक्रियामा कुनै विवाद भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

९. प्रोत्साहन कार्यक्रमः

(क) उत्कृष्ट कार्य प्रदर्शन गर्ने युवा समूहलाई गाउँपालिकाले पुरस्कार र प्रशंसा पत्र प्रदान गर्नेछ।

(ख) नमुना समूहहरूको पहिचान गरी अन्य समूहहरूलाई प्रेरित गरिनेछ।

(ग)सफलतापूर्वक कार्यान्वयन भएका योजनाहरूको बारेमा प्रचार-प्रसार गरिनेछ।

१०. विविधः

(क) यो कार्यविधि संघ, प्रदेश, र स्थानीय तहको प्रचलित कानुनसँग बाझिएमा बाझिएका बुँदाहरू स्वतः खारेज हुनेछन्।

(ख) कार्यविधिको कुनै बुँदामा अस्पष्टता वा कार्यान्वयनमा समस्या भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ।

(ग)यो कार्यविधि आवश्यकताअनुसार संशोधन गर्न सकिनेछ।

उमेश चन्द्र यादव
अध्यक्ष

## अनुसूची १ः

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

### युवा समूह दर्ता निवेदनको ढाँचा

मितिः ................

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
प्रतापपुर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बेलाटारी, नवलपरासी।

**विषयः युवा समूह दर्ता गरिदिनुहुन अनुरोध।**

महोदय,

हामी .......... टोलका युवाहरूले निम्नानुसारका पदाधिकारीसहित "............ युवा समूह" गठन गरेका छौं। यस समूहलाई गाउँपालिकामा दर्ता गरी प्रमाणपत्र प्रदान गर्न अनुरोध गर्दछौं।

तपसिलः

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| 1 | | अध्यक्ष | |
| 2 | | सचिव | |
| 3 | | कोषाध्यक्ष | |
| ...... | | सदस्य | |

**निवेदकः**

अध्यक्षको नामः ..................
समूहको नामः .....................
ठेगानाः ..........................

उमेश चन्द्र यादव
अध्यक्ष